# दशरथचन्द नगरपालिकाको नीति तथा कार्यक्रम

## आर्थिक वर्ष २०८०/०८१

## मिति : २०८० आसार १० गते आइतवार

CamScanner

# नगर प्रमुख श्री पुस्कर राज जोशीद्वारा दशरथचन्द नगरपालिकाको नगर सभाको तेस्रो अधिवेशनमा प्रस्तुत आ.व.०८०/८१ को नीति तथा कार्यक्रम

सम्मानित नगरसभाका उपप्रमुख ज्यू,

प्रमुख प्रशासकीय अधिकृत ज्यू,

नगर सभाका सम्पूण सदस्य ज्यूहरु

सर्वप्रथम दशरथचन्द नगरपालिकाको नगरसभाको तेस्रो अधिबेशनमा हार्दीक स्वागत गर्दछु । स्थानीय तहको दोस्रो निर्वाचन २०७९ पश्चात जनअनुमोदित यस सम्मानित नगरसभा समक्ष आगामी आर्थिक बर्ष को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै खुशी लागेको छ ।

म नगरसभाको यस महत्वपुर्ण घडीमा इतिहासका बिभिन्न कालखण्डमा भएका प्रजातान्त्रिक, लोकतान्त्रिक आन्दोलनहरुमा आपनो प्राण आहुति गर्नुहुने सम्पुर्ण ज्ञान अज्ञात शहीदहरु प्रति हार्दीक श्रद्धा-सुमन अपर्ण गर्नुका साथै सहिद पविारजनमा उच्च सम्मान प्रकट गर्दछु । मुलुकको सार्वभौमिकता, स्वाधिनता, देशभक्त र स्वाभिमानको रक्षा गर्दै राष्ट्रिय एकता, लोकतन्त्र, सामाजिक न्याय, समानता, बिकास, समृद्धि, सुशासन र समानतामुलक राष्ट्रनिर्माणको लागी योगदान गर्नुहुने सम्पुर्ण नेपाली नागरिक र नेतृत्व गर्नु हुने आदरणीय अग्रज व्यक्तित्वहरुप्रति हार्दीक आभार तथा उच्च सम्मान प्रकट गर्दछु ।

हामीलाई जनताले सुम्पिएको जिम्मेवारीमा इमानदारीपुर्वक पालना गर्दै आम नगरवासीका भावना, प्रयास, माग, र आवश्यकताहरुको उच्च सम्मान गरि यस नगरलाई "आर्थिक, सामाजिक, पुर्वाधार र दिगोविकासको अभियान, समानता र सुशासन दशरथचन्दको पहिचान" दीर्धकालिन सोच राखी योजनाबद्ध ढंगले अगाडी बढ्न मन, बचन, र कर्मले हामी सदैव प्रतिवद्ध र कटिवद्ध रहनेछौ भन्ने बिश्वास लिएको छु ।

आज विश्व भरि समग्र अर्थतन्त्र जटिल प्रतिकुल परिस्थिति वन्न पुगेको छ । यस्तो परिस्थितिमा अझ माथी उठेर नयाँ आवश्यकताका आधारमा अगामी बर्षको नीति, कार्यक्रम र वजेट तर्जमा गर्नु पर्ने चुनौतिपुर्ण अबस्थालाई पनि मैलै गम्भीरतापुर्वक महसुस गरेको छु । एकातिर नगरवासीले सुशासन बिकास र समृद्धिप्रति हामीलाई देखाएको जनबिश्वास कायम राख्दै दशरथचन्द नगरपालिकालाई "हाम्रो नगर : हामी वनाउछौं"

भन्ने दायित्व र अभिभारा हाम्रो सामु छ भन्ने अर्को तिर अगामी दिनमा हाम्रा प्रयास प्रतिबद्धता र व्यबहारहरु के कस्ता प्राथमिकता तर्फ लक्षित हुनेछन भनेर स्पष्ट दिशानिर्देशन गर्नुपर्नेछ। नीति कार्यान्वियनको लागी आवश्यक स्रोत साधनको प्रत्याभुति, बजेट कार्यान्वियका प्रमुख अवरोध तत्वका रुपमा रहेका संरचनात्मक समस्याको वास्तविक पहिचान गरि खरिद कानुन, जनशक्ति व्यवस्थापन,कार्यगत एकता, ठेक्का प्रणाली, निर्माण सामग्रीको गुणस्तर, वन तथा पर्यावरण सुरक्षाजस्ता पहिचान भएका समस्याहरुलाई हामीले बेलैमा सम्वोधन गर्नुपर्ने छ ।

अगामी आर्थिक बर्षको वजेट हामीले जनता संग गरेका वाचा पुरा गर्ने र दनपा वनाउने सपनाप्रति नगरवासीको आशा, भरोसा एवं विश्वासलाई जोड्ने महत्वपुर्ण औजारको रुपमा रहनु पर्दछ भन्ने कुरामा म विशेष सचेत एवं सर्तक छु ।

उपस्थित, नगरसभाका सम्पुर्ण सदस्य ज्युहरु

अगामी आ.व. २०८०।०८१ को बार्षिक नीति कार्यक्रम तर्जुमाका आधारहरु र प्राथमिकताहरु निम्न अनुसार निर्धारण गरेको छु ।

- नेपालको संविधान - २०७२,
- नेपालको संविधानले तय गरेका राज्यका नीतिहरु ।
- पन्धौ योजनाको लक्ष्य, उदेश्य, र रणनितिहरु ।
- दिगो बिकासका लक्ष्य र यी लक्ष्यहरु स्थानीयकरण गर्ने सूचकहरु ।
- नगरपालिकाले तयार गरेर अनुमोदित हुन लागेको पञ्चबर्षिय आवधिक योजना (Priodic Plan)
- स्थानिय सरकार संचालन ऐन-२०७४,
- नेपाल सरकार तथा प्रदेश सरकार बाट विभिन्न मितिमा जारी गरिएका नीति, मार्गदर्शन, तथा सुझाव,
- यस दशरथचन्द नगरपालिकाबाट जारी भएका विभिन्न ऐन, नियमावली, कार्यविधी,आचारसंहिताको परिधिभित्र रही

CamScanner

- श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितीको श्रोत तथा वजेट अनुमान
- नगरकार्यपालिकाका विभिन्न मितिमा भएका निर्णय र मार्गदर्शन
- राजश्व परामर्श समितिको प्रतिबेदन
- वजेट तथा योजना तर्जुमा समितिले दिएका सिफारिसहरु
- नगरपालिकाका बिभिन्न बिषयगत समितिका सिफारिसहरु
- बिगत बर्षहरुमा सम्पन्न भएका नगरसभाका बैठकहरुबाट भएका निर्णयहरु
- नगरकार्यपालिकाले योजना तर्जुमाकालागी भएका निर्णय र मार्गदर्शन
- प्रचलित ऐन कानून र मार्ग दर्शनको अनुसरण गर्दै जनताका आधारभूत आवश्यकता तथा प्राथमिकतालाई ध्यान दिइ आगामी आ.व.को नीति तथा कार्यक्रम तर्जुमा गरेको छु ।

**नगर सभा सदस्यज्युहरु**

अव म यस दशरथचन्द नगरपालिकाको समग्र नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहन्छु ।

१. दशरथचन्द नगरको एकिकृत, सन्तुलित, दिगो बिकासको लागि योजनाबद्द विकासको खाका तयार गरिनेछ । यस आ.ब देखि कार्यन्वयन हुने गरि दिर्घकालिन सोच, लक्ष्य र उदेश्य सहितको प्रथम पञ्चबर्षिय योजना ( आ ब २०८०।०८१ देखि २०८४।०८५) तयार गरि सम्मानित नगर सभाको अनुमोदनको लागि पेश गर्दछु । विकासको तिब्र चहाना र स्रोतको न्यूनतालाई परिपुर्ति गर्ने र विकासका क्रियाकलापमा सबै नागरिकको सार्थक सहभागिता अभिवृद्ध गर्न हाम्रो कार्यकाललाई **"हाम्रो नगर हामी वनाउछौं"** महाअभियानको रुपमा मनाईने घोषण गर्दछु ।

२. रणनैतिक महत्वका परियोजना सहितका प्राथमिकताको प्राप्त क्षेत्रको स्रोत सुनिश्चितताकालागी (Capital Investment Plan) तयार गरि Project Bank आधारमा मार्फत योजना तर्जुमा प्रकृया अगाडी बढाइने छ । सार्वजनिक, निजि, लाभग्रहि साझेदारी, लगायत विकास साझेदार निकाय (नगर विकास कोष,

CamScanner

लगानी बिकास वोर्ड र गैर सरकारी संस्थाहरु जस्ता विकास निर्माणसंग आबद्ध निकायहरुको साझेदारमा विकास आयोजनाहरु संचालन गर्ने नीतिलाई आत्मसाथ गरेको छु ।

३. दशरथचन्द नगरपालिकालाई पुर्वाधारको हिसावले सवल, सामाजिक सुरक्षाको हिसावले समतामुलक र सेवा प्रवाहको हिसावले सुशासनयुक्त वनाउनु सवैखाले योजना निर्माण तथा कार्यक्रम संचालन गर्दा त्यसको गुणस्तरीयता, वातावरणीय अनुकुल, सामाजिक न्याय र दिगो एवं सन्तुलित विकासलाई प्रथम प्राथमिकतामा राखि अधिकत्‌म प्रतिफल दिने योजना एवं कार्यक्रमलाई छनौट गर्ने नीति लिइने छ । साथै योजना Duplication नहुने गरि कार्यान्वयन गर्न ब्यबस्था मिलाइएको छु ।

४. सवै नगरवासीको आधारभुत स्वास्थ्य र शिक्षा माथी विभेदरहित पहुँच स्थापना गर्दै सामाजिक, आर्थिक रुपले वञ्चितिकरण, बहिस्करणमा परेकालाई सहायता, संरक्षण, उद्धार गरि मुलप्रवाहिकरण गर्ने निति नगरको मुख्य सामाजिक बिकास नीतिको रुपमा लिएको छु ।

५. दशरथचन्द नगरपालिकालाई भ्रस्ट्राचारमूक्त, पारदर्शी, शुसासनयुक्त, जवाफदेहिता भएको निश्पक्ष र जनउत्तरदायी बनाउने कार्यक्रम र नीति अख्तियार गरेको छु । कर्मचारीको कार्य व्यवहार जनमैत्री, सुशासनयुक्त तथा पारदर्शी वनाउने, संगठन संरचना र दरवन्दी सम्वन्धी कार्यबिवरण कार्यान्वयन गर्ने, नतिजामा आधारित कार्यसम्पादन र प्रोत्साहन प्रणाली अबलम्वन गरिने छु ।

६. दशरथचन्द नगरपालिका भित्रका सार्वजनिक सरोकारका सवालमा नगरवासीहरुको सल्लाह, सुझाव, गुनासो, पिरमार्का सुन्न, बिकासको काममा गुणस्तरहीन सामग्री प्रयोग गरिरहेको, कहि कमसल सामग्री प्रयोग गरिरहेको, कर्मचारीबाट ढिलासुस्ती पाईएमा त्यस्ता समस्या सामाधान गर्न **"हलो मेयर कार्यक्रम"** लाई निरन्तरता दिइएको छ ।

CamScanner

७. विकास व्यवस्थापनका दृष्टिले पछाडी परेका वडाहरुमा सन्तुलित विकास गर्ने नीति अवलम्वन गरिएको छ । सोही अवधारणा अनुरुप जनसंख्या, क्षेत्रफल, विकासको अवस्था, आन्तरिक आयमा योगदान जस्ता सूचकका आधारमा श्रोत साधनको बाडफाँड गर्ने नीति अवलम्बन गरिनेछ ।

**नगरसभा सदस्यज्युहरु**

अव म उल्लेखित समग्र नीतिहरु हासिल गर्न यस दशरथचन्द नगरपालिकाको आर्थिक बर्ष २०८०।०८१ को लागी क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**क. आर्थिक विकास क्षेत्रः**

**कृषि / पशु**

१ .उन्नत विऊ विजन र आधुनिक कृर्षि प्रबिधिको उच्चतम प्रयोगबाट कृर्षि प्रणाली तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन गरि उत्पादन र उत्पादकत्वमा अभिवृद्धि गर्ने, सहकारी ब्यवसायीकरण गर्दै औधोगिक बिकास मार्फत नगरको सामाजिक, आर्थिक रुपान्तरण गरि आत्म निर्भर, दिगो बिकास, स्वतन्त्र उन्नतसिल र फराकिलो अर्थतन्त्र निर्माण गर्ने र आर्थिक सम्वृद्धि हासिल गर्ने नितिलाई नगरको मुल आर्थिक बिकास नीतिका रुपमा लिइने छ ।

२. आर्थीक विकासमा कृर्षि क्षेत्रको उल्लेख योगदानको लागी **"एकिकृत कृषि रणनिति"** तयार गरि लागु गरिने छ ।

३. कृषि क्षेत्रलाई थप आधुनिकीकरण, यान्त्रीकरण, विविधिकरण तथा व्यावसायीकरण गरी उत्पादकत्व तथा उत्पादन वृद्धिमा जोड दिइनेछ साथै **"हाम्रो उपभोग्य वस्तु हाम्रो उत्पादन"** अभियान संचालन गरिनेछ ।

४. बन्यजन्तुले कृषकहरुको उत्पादनमा गरिरहेको क्षति न्यूनिकरण गर्न खोज अनुसन्धान र व्यवस्थापनका उपायहरु अबलम्बन गरिनेछ ।

CamScanner

५. एकिकृत फलफुल, तरकारी तथा कृषि उपज बजार संकलन गर्न आवश्यक **कार्यविधि** निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ । कृषकहरुको उत्पादन र प्रतिफलको आधारमा कृषि अनुदान दिने नीति अवलम्बन गरिने छ, यसका लागि सहकारी, तरकारी तथा फलफुल सहुलियत पसल संचालन गर्न प्रोत्साहन गरिनेछ ।

६. संघ, प्रदेश सरकार, निजी तथा सहकारी संस्थाहरुसँगको साझेदारीमा तरकारी, फलफुल, बीउ विजनका लागि आवश्यक पर्ने **"आधुनिक कोल्ड स्टोर निर्माण"** को कार्य अगाडि बढाइनेछ । आवश्यकताको आधारमा नगरपालिका भित्र **कोल्ड स्टोर (चिस्यान केन्द्र)** स्थापना गरिने छ ।

७. **"एक गाउँ-एक खेती नीति"** अवलम्वन गर्ने हिसाबले माटो परीक्षण गरि उत्पादनको आधारमा कृषि पकेट क्षेत्र निर्माण गरी ब्यसायिक कृषि खेति सञ्चालनमा ल्याइनेछ ।

८. कृषि तथा पशुपन्छी क्षेत्रमा ब्यवसायिक रुपले कार्यरत ब्यवसायिक किसानहरुको तथ्यांक संकलन गरी निश्चित मापदण्डका आधारमा **"ब्यवसायिक किसानको परिचयपत्र" को** ब्यवस्था गरिनेछ ।

९. कृर्षि उत्पादन तथा अन्य कृषि सम्बन्धी कामको लागी प्रयोगमा आउन सक्ने विभिन्न औजार यन्त्र तथा उपकरणहरुको प्रयोगमा आम कृषक वर्गको पहुंच पुऱ्याउन सहयोग गरिने छ ।

१०. विभिन्न कृषि उत्पादनमा लागेका तथा लाग्न चाहाने बेरोजगार युवाहरुलाई आत्मनिर्भरताको लागी उनीहरुलाई पुजीको प्राप्तीको लागी सहुलित पुर्ण कर्जा को बारेमा जानकारी गराई विभिन्न बैंक तथा वित्तिय संस्थाहरु संगको समन्वय गरिने छ ।

११. स्थानीय रुपमा परम्परागत तथा आधुनीक पशुपालनबाट कृषकहरुले दुग्ध जन्य उत्पादन हरु निरन्तर रुपमा गर्दै आएका छन तिनिहरुको उक्त दुग्ध जन्य वस्तुको बजारीकरण को समस्यालाई कम गर्न पायक पर्ने स्थलमा दुग्ध संकलन केन्द्र स्थापना गर्न पहल गरिने छ ।

१२. कृषकहरुले बजारको खोजी गरिरहनु पर्ने समस्या बाट मुक्त गर्न कृषि एम्बुलेन्स सेवाको लागी पहल गरिने छ ।

CamScanner

१३. जलवायु परिवर्तन र प्रकोपबाट पर्ने नकारात्मक असर न्यूनिकरण गर्दै वातावरणमैत्री कृषि प्रविधिमा जोड दिदैं थोपा सिंचाई, ग्रीन हाउस, टनेल, लिफ्ट इरिगेशन लगायतका प्रविधिको विस्तार गरिनेछ ।

१४. सुधारिएको गोठ निर्माण, पशु आहार र घाँसको उत्पादन गरी उन्नत नश्लका पशुपन्छी उत्पादन गर्न **"निःशुल्क नश्ल सुधारमा कार्यक्रम"** संचालन गरी उन्नत नश्लको व्यवसायिक पशुपन्छीपालनका लागि आवश्यक व्यवस्थापन गरी कृषकहरुलाई सहयोग पुऱ्याइनेछ ।

१५. कृषि-पशुपंक्षी व्यवसायलाई सुरक्षित र भरपर्दो बनाउन कृषि र पशुपंक्षि बिमा लागू गरिने छ ।

१६. नगरवासीलाई तरकारीबाट आत्म निर्भर वनाउनका निम्ति हरेक घरधुरीले कम्तिमा पनि एक रोपनी जग्गामा मौसमि तथा बेमौसमि तरकारी खेति अनिवार्य रुपमा लगाउन प्रोत्साहन गरिनेछ ।

पर्यटन विकास

१. पर्यटकहरुलाई बासस्थानमै मनोरञ्जन गर्ने उद्धेश्यले स्थानीय मौलिकता झल्किने कला संस्कृति ( डेउडा, हुड्केउली, छलिया, मसक बाँजा, आदि) र स्थानीय परिकार (ढुप्का, बड्का, माणा, आदि) उपलब्ध गराउने गरी होमस्टे (Home Stay) को स्थापना गरिनेछ ।

२. पर्यटकीय क्षेत्रहरुको पहिचान, व्यवस्थापन र विकासका गुरुयोजना तयार गरि लगानीका स्रोतहरुको खोजी गरिनेछ ।

३. त्रिपुरासुन्दरी, निगलाशैनी, कैलपाल, माहारुद्र, मणिलेक, जगन्नाथ, असिमीकेदार, ग्वालेककेदार-नार्गाजुन, इश्वरी गंगा धाम, देवलहाट र दानेश्वर-नार्गाजुन लगायत यस क्षेत्रका मुख्य मन्दिरहरुको संरक्षणको लागि गुरु योजना निर्माण गरी कार्यान्वयनमा ल्याइने छ । स्थानीय साँस्कृतिक मेलाहरुलाई आवश्यक सहयोग गरिनेछ ।

४. नगर क्षेत्र भित्रका पर्यटकिय क्षेत्र, धार्मीक क्षेत्र, बजार क्षेत्र र सामुदायिक संस्थाहरुमा सौर्य सडक बत्तिको व्यबस्था गरिने छ ।

CamScanner

## उधोग, बाणिज्य तथा रोजगार प्रवर्द्धन

१ . घरेलु तथा साना उधोग र लघु उधम बिकास कार्यक्रमलाई प्रवर्द्धन गर्दै कामुन बमोभिम घरेलु तथा साना उधोगहरुको दर्ता एवं नविनिकरण गर्ने ब्यबस्थालाई निरन्तर दिइने छ । लधु उधम कार्यक्रमलाई क्रमिक रुपमा सवैवडाहरुमा बिस्तार गर्ने र प्रत्येक बर्ष ५० जना नया उधमी सिर्जना गर्ने निति लिइने छ ।

२. परम्परागत सीप (आरन, सिलाइ कटाइ, बेतबाँस, छालाजुत्ता, माटोका समग्री) पेशालाई लघु उद्यम व्यवसायहरु सञ्चालन गर्न दक्ष जनशक्ती उत्पादन गरी आधुनिकीकरण एवम् व्यवसायीक साना तथा मझौला उद्योगको रुपमा विकसित गरिने छ ।

३. संघ, प्रदेश सरकारसँगको साझेदारीमा यस न.पा. भित्र सम्भाव्यता अध्ययन गरि औद्योगिक ग्राम स्थापनार्थको लागी प्रकृया लाई अगाडि बढाइनेछ ।

४. वित्तिय साक्षरताका साथै नगरवासीहरुको बैकिङ क्षेत्रमा पहुँच बढाउन वित्तिय संस्थाहरुसँग आवश्यक समन्वय गरिनेछ ।

५. एक वडा - एक युवा उद्यम नीति लिइ न्युनतम रुपमा एक युवा उद्यमी समूहको स्थापना गरी उद्यमशीलता बनाई वेरोजगारी अन्त्य गरिनेछ र न्यून ब्याजदरमा ऋृण उपलब्ध गर्ने ब्यवस्था मिलाईनेछ । नयाँ start up हरुलाई प्रोत्साहन गरिनेछ ।

६. CTEVT को समन्वयमा जीवन उपयोगी तालिमका लागी पहल गरिनेछ ।

७. रोजगार सेवा केन्द्रमा सुचिकृत भएका बेरोजगारहरुलाई युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना तथा कामका लागि पारिश्रमिकमा आधारित आयोजनाहरु सञ्चालन गरि न्यूनतम रोजगारिको प्रत्याभुति गराईने छ ।

८. प्रधानमन्त्रि रोजगार कार्यक्रम र युवा रोजगारिका लागि रुपान्तरण पहल आयोजनाहरुमा लाग्ने निर्माण सामाग्री/औजार तथा श्रमिकको ज्यालामा समेत साझेदारि गरि कार्यक्रम लाई थप शसक्त बनाइने छ।

CS CamScanner

९. संघ र प्रदेशले ल्याएको रोजगारमुलक कार्यक्रममा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिने छ ।

१०. पालिका स्तरिय नियमित बिकास निर्माणका आयोजनाहरुमा आवश्यक श्रमिकहरुको लागि रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार व्यक्तिहरुलाई प्राथमिकता दिईने छ ।

११. नगरक्षेत्र भित्र रहेका सवै सहकारी संस्थाहरुको व्यवसायिक कारोवारलाई स्थानीय तहमा दर्ता तथा नविकरण गर्ने व्यवस्था मिलाइने छ ।

१२. सहकारीका सदस्यहरुलाई सहकारी सम्वन्धी ज्ञान तथा क्षमता बिकासका लागी सहकारी संस्थाहरु संग अन्तरक्रिया र तालिम गर्ने व्यबस्था मिलाइने छ ।

१३. सहकारीलाई उत्पादनशील वनाउदै गरिबि निवारण गर्ने उदेश्यले सवै प्रकारका सहकारीहरुलाई उत्पादन तथा स्वरोजगारका कार्यक्रम संचालन गर्न प्रोत्साहन गरिने छ ।

CamScanner

## ख. सामाजिक विकास नीति

१. दशरथचन्द नगरवासीको आधारभुत स्वास्थ्य र शिक्षा माथी सरल सहज एवं गुणस्तरिय पहुँच स्थापित गर्न समन्वय, सहकार्य र साझेदारी गर्दै नगरलाई **"स्वस्थ नगरः शिक्षित नगर"** का रुपमा विकसित गर्ने नीति लिएको छु ।

२. लैङ्गिक तथा सामाजिक हिंसा कम गर्न शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ । लैङ्गिक हिंसामा परेका अति विपन्न, असहाय, महिला, बालबालिका, किशोर किशोरी, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, एकल महिला, सुत्केरी तथा सामाजिक रुपले बञ्चितिकरणमा परेकाहरुलाई सहायता, संरक्षण, उद्धार गर्नु मुख्य सामाजिक बिकास नीतिको रुपमा रहने छ ।

३. महिला, बालबालिका, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक, दलित, जनजाती, पछाडि पारिएका वर्ग, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, विपन्न, सीमान्तकृत जस्ता लक्षित वर्गको जीवनस्तरमा सुधार ल्याउन र लैङ्गिक विभेद मुक्त नगरपालिका निर्माणका लागि आर्थिक सशक्तिकरण, कल्याणकारी, आयमूलक कार्यक्रमका साथै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका विशेष कार्यक्रम संचालन गरिनेछ ।

## शिक्षा, युवा तथा खेलकुद विकास

१. शिक्षा, युवा तथा खेलकुद सम्वन्धी नगरस्तरिय ऐन, कानुन समयनुकुल परिमार्जन गरिने छ । साथै सामुदायिक विधालयको गुणस्तरमा सुधार गरिने छ ।

२. गुणस्तरिय शिक्षाको लागी विद्यालयमा सुशासन, जिम्मेवार र सक्षम बिद्यालय ब्यबस्थापन समिति, शिक्षक, बिद्यार्थी र अभिभावकको भूमिका सहित बिद्यालय शिक्षामा सुधार गरिने छ ।

३. बिद्यालयहरुमा ई-लाईब्रेरी स्थापना गर्ने, बिद्यालयमा खानेपानी, शौचालय, फर्निचर, पुस्तकालय, शैक्षिक सामग्री प्रयोगशाला र खेलकुदको व्यवस्था गरिने छ ।

३. नगरले ऐन, कानून निर्माण गरि शैक्षिक क्षेत्रमा थप सुशासनको सुनिश्चिता गर्ने क्रममा नगर शिक्षा ऐन २०७९ तथा बिधालय शिक्षा सेवा संचालन ब्यबस्थापन तथा नियमन कार्यबिधि २०८० निर्माण भै सकेकोले उक्त कानुनहरुको प्रभावकारी कार्यान्वयन गरिने छ ।

CamScanner

४. स्थानिय तहले निमार्ण गर्नुपर्ने कक्षा (१-८) को स्थानिय विषयको पाठ्यक्रम मध्ये यस बर्ष कक्षा कक्षा ( ४-८) को पाठ्यक्रम निर्माण गरिने छ र स्थानिय भाषामा तयार पारिएको कक्षा (१-३) को स्थानिय बिषयको पाठ्यक्रमको अभिमुखिकरण तथा पाठ्य सामग्री निर्माण गर्न पहल गरिने छ ।

५. नगर भित्रका सवै विधालयहरुमा तोकिए वमोभिmमको स्केल कलर कोड वमोभिmमको रंग रोगन गर्ने कार्य यसै आ.व. देखि ब्यबस्था मिलाइने छ ।

६. न्युनतम एक ल्यापटोप, एक प्रिन्टर, एक फोटोकपी मसिन, एक प्रोजेक्टर पनि नभएका विधालयहरुमा अहिले सम्म कुनै पनि स्रोतबाट आई. सि. टि. सम्वन्धी कार्यक्रम नपाएका विधालयलाई सामग्री उपलब्ध गराइने छ ।

७. राष्ट्रपति रनिङशिल्ड मा खेलने खेलहरुलाइ मदत पुग्ने गरि बिधालयहरुलाई खेलकुद सामग्री बितरण गरिने छ ।

८. बिधालयमा कार्यरथ शिशु सहजकर्ता, कर्मचारी र कार्यलय सहयोगीहरुको नगरपालिकाले दिदै आएको थप तलवमानलाई निरन्तरता दिइने छ ।

९. संधिय सरकारले सामुदायिक बिद्यालयलाई तहगत रुपमा उपलब्ध गराउनु पर्ने निम्नतम शिक्षक दरवन्दी उपलब्ध नगराए सम्म न्यूनतम् दरवन्दी अपुग भएका, बिधार्थी संख्याको अनुपातमा शिक्षक अनुपात कम भएको नविन शैलिवाट सिकाई अभ्यास गरेका तथा आफ्नै स्रोतमा प्राबिधिक बिधालय संचालन गरेका बिधालयलाई टेवा पुग्ने गरि ब्यवस्था गरिएको नगर स्वंयम सेवक शिक्षकलाई आवश्यकता अनुसार निरन्तरता दिइने छ । बिद्यालय मर्ज र दरवन्दी मिलानबाट बिद्यालयहरुमा दरवन्दी आपुर्ति भै आएमा नगर स्वयम सेवक शिक्षकको कोटा हटाईने छ ।

CamScanner

१०. बिद्यालयस्तरका समसामयिक समस्याहरुको सामाधान तथा प्रधानाध्यापकहरुको नेतृत्व बिकासका लागी प्रध्यानाध्यापक बैठक तथा शैक्षिक अन्तरक्रिया कार्यक्रमलाई निरन्तरता दिइने छ । नगर शिक्षा ऐन अनुसार सामुदायिक बिधालयका प्रध्यानाध्यापकहरुको नियुक्ति प्रकृया ब्यबस्थित गरिने छ ।

११. वस्तुनिष्ट मुल्याङकनका बिधिहरुको आधारमा बिधालय तथा नगरस्तरिय परिक्षा ब्यवस्थित गरिने छ ।

१२ नगर भित्रका बिधालयहरुको शैक्षिक गतिबिधिमा एकरुपता ल्याउने प्रयत्न गरिने छ जसका लागी यसै शैक्षिक सत्रमा संचालन हुने परिक्षाहरु, बिदाहरु लगायतका क्रियाकलापहरु समेटेर तयार पारिएको नगरको वार्षिक कार्यतालिका अनुसार बिधालयहरुले दैनिक ६ घण्टा पढाई गर्नुपर्ने छ ।

१३. बिद्यालयहरुलाई अतिरिक्त क्रियाकलाप तर्फ बिशेष ध्यान दिन लगाइने छ शुक्रवार को अधिकतम अतिरिक्त कृर्याकलापहरु संचालन गर्ने गरि बिद्यालयहरुलाई प्रेरित गरिने छ ।

१४. कुलत संस्कारबाट जोगाउनु बिधालय, स्वास्थ्य संस्था परिसर नजिक मादक पदार्थ, चुरोट तथा सुर्तिजन्य पदार्थको बिक्री बिरतणमा रोक लगाईनेछ । बिद्यालय पोशाकमा रहेका बिधार्थीलाई उक्त पदार्थ विक्री बितरण गरेमा कारबाही गरिनेछ ।

१५. नगरपालिका भित्रका बिधालयहरुका स्वास्थ्य चौकी सँग समन्वय गरि बिधार्थीहरुको नियमित स्वास्थ्य जाँच गराउने तथा परामर्श दिने ब्यबस्था मिलाइने छ ।

१६. युवा तथा खेलकुदलाई प्रवर्द्धन गर्न नगरस्तरमा संचालन हुने सवै प्रकारका खेलकुद कार्यक्रमलाई ब्यबस्थित रुपमा संचालन तथा ब्यवस्थापन गर्न **नगर खेलकुद बिकास समिति**लाई थप ब्यवस्थित गर्दै लगिने छ ।

१७. सामुदायिक सिकाई केन्द्र मार्फत साक्षर महिला समुह गठनको माध्यमबाट आय आर्जन कार्यक्रम संचालन गरि निरन्तर शिक्षा मार्फत जीवनस्तर वृद्धि गर्न पहल गरिने छ ।

१८. स्थानीय स्तरमा शैक्षिक गुणस्तर र पहुँच सुनिश्चित गर्न नमूना विद्यालय मापदण्ड तयार गरि सो अनुरुप "नमूना विद्यालय" निर्माणको कार्य प्रारम्भ गरिने छ ।

१९. नगर क्षेत्रमा सुविधा सम्पन्न सार्वजनिक पुस्तकालय निर्माणको गर्न सघ र प्रदेश सरकार संग समन्वय गरिने छ ।

CS CamScanner

२०.माध्यमिक तहका विद्यार्थीहरुलाई दैनिक पठनपाठनको अतिरिक्त खेलकुद लगायतका अतिरिक्त क्रियाकलापमा सहभागी हुन राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता, मेयर कप प्रतियोगिता, उपमेयर कप प्रतियोगिता जस्ता विभिन्न खेलकुद तथा साँस्कृतिक महोत्सवलाई निरन्तरता दिदैं आधारभूत तहमा समेत संचालन गरिने नीति अवलम्बन गरिनेछ ।

**स्वास्थ्य**

१. महिला र बालबालिका, जेष्ठ नागरिक, एकल महिला, अपाङ्गता, असहाय र विपन्न नगरवासीहरुको निःशुल्क र गुणस्तरीय स्वास्थ्य सेवा प्रदानका लागि  स्वास्थ्य शिविर संचालन गरिनेछ ।

२. प्रत्येक वडामा दक्ष जनशक्ति, औषधि उपकरण, प्राविधि र स्वास्थ्यकर्मी सहितका स्वास्थ्य चौकी, प्रत्येक टोलमा खोप सेवा, प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, बाल तथा शिशु स्वास्थ्य सेवा संचालन गरिने छ ।

३. कुपोषणमुक्त नगरपालिका बनाउने गरि पोषण कार्यक्रम संचालन गरिने छ र गर्भवती तथा सुत्केरीलाई पोषण सहित आवश्यक सम्पूर्ण सेवा निःशुल्क र सहज ढंगले उपलब्ध गराईने छ ।

४. दुई बर्ष मुनिका बालबालिका हरुको शत प्रतिशत बृद्धि अनुगमन गराई कुपोषण न्युनिकरण गर्न स्वस्थ्य आमासमुह बैठकमा स्वास्थ्य कर्मि परिचालन गरिने छ ।

५. खानामा विविधिकरणका लागि हजार दिनका आमा र पुरुष लाई अन्तरकृया र खाद्य वस्तु प्रर्दशनी गरिने छ । सुनौला हजार दिन कार्यक्रमलाई निरन्तरता दिदैं मातृ तथा नवशिशु कार्यक्रम संचालन गरिनेछ । स्वास्थ्य गर्भवती जाँच, पूर्ण संस्थागत प्रसुति र सुत्केरी सेवा प्रभावकारी रुपमा संचालन गरिनेछ । नवजात शिशु र आमाका पोषण र सुरक्षाका लागि सुत्केरी सँग उपमेयर कार्यक्रम सञ्चालन गरिनेछ ।

६. अति विपन्न जेष्ठ नागरिक, अपागंता भएका ब्यक्तिलाई स्वास्थ्य सेवाको पहँच कायम गर्न मद्दत गरिने छ ।

७. दशरथचन्द नगरपालिकाले २४ सै घण्टा सेवा सुबिधा दिदै आएको **"निःशुल्क एम्बुलेन्स सेवा"** र दशरथचन्द नगपालिकाबाट संचालित **"निःशुल्क शब बाहन"** सेवालाई निरन्तरता दिएको छु ।

CamScanner

८. महिला स्वंय सेविकाहरुको कामको  आधारमा नगरपालिकाले बार्षिक रुपमा सम्मान स्वरुप पुरष्कृत गरिने छ ।

९. शारीरिक तथा मानसिक स्वास्थ्यको लागि योग, ब्यायाम, ध्यान गर्न सार्वजनिक स्थानमा विभिन्न सामाजिक संस्थाहरुसंगको सहकार्यमा नगर योग केन्द्र संचालन गरिनेछ ।

१०. नसर्ने रोग (मुटु रोग, क्यान्सर, उच्च रक्तचाप, दम, मधुमेह) न्यूनिकरणका लागि ब्यापक सचेतनामूलक कार्यक्रम संचालन गर्ने तथा सो रोगबाट पिडितहरुलाई उपचार ब्यवस्थापनका लागि आवश्यक सहयोग गरिने छ ।

११.महिलाहरुको आंग खस्ने, पाठेघरको क्यान्सर लगायतका रोगको उपचारका लागि स्वास्थ्य कार्यालय, जिल्ला अस्पतालको लगायतका संस्थाहरुसंगको साझेदारीमा महिला स्वास्थ्य शिविर संचालन गरिनेछ ।

१२. दशरथचन्द नगरपालिकाको स्वास्थ्य नीति तयारपारी लागू गरिनेछ र सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा अनलाईन सेवाको विस्तार गरिने ।

१३. दशरथचन्द नगरपालिकालाई पूर्ण खोपको अवस्थालाई निरन्तरता दिई दिगोपना कायम गरिनेछ ।

१४. दशरथचन्द नगरपालिका वडाहरुलाई पूर्ण संस्थागत सुत्केरी वार्ड घोषणा कार्यक्रमलाई निरन्तरता दिईनेछ

१५. दशरथचन्द नगरपालिका द्धारा संचालित गर्भवती महिलाहरुका लागि सञ्चालनमा रहेको ग्रामिण अल्टासाउण्ड सेवालाई निरन्तरता दिइने छ ।

१६. दशरथचन्द नगरपालिका भित्रका स्वास्थ्य चौकीका भवन तथा अन्य पूर्वाधार निर्माण लाई प्राथमिकता दिईनेछ ।

१७. दशरथचन्द नगरपालिकाद्धारा मेडिक मोवाईल कार्यक्रमलाई निरन्तरता दिइने छ ।

१८. दशरथचन्द नगरपालिका वडा नं ९ जोशीवुंगा स्वास्थ्य चौकी र वा. नं २ देहिमाडौं स्वास्थ्य चौकीमा २४ घण्टे स्वास्थ्य सेवा सञ्चालनमा ल्याईनेछ ।

१९. दशरथचन्द नगरपालिक वा.नं ९ को लमौतामा **नगर स्वास्थ्य केन्द्र** स्थापना गरिनेछ ।

२०. दशरथचन्द नगरपालिकाको वा.नं ४ को गोठलापानीमा रहेको स्वास्थ्य कार्यालयमा दशरथचन्द न.पाको संस्थागत क्लिनिक सञ्चालनमा ल्याई सेवा प्रारम्भ गरिनेछ ।

CamScanner

२१. सवै स्वास्थ्य संस्थाहरुमा आवश्यक औजार उपकरणको ब्यवस्था गरिनेछ ।

२२. सवै सरकारी तथा सार्वजनिक विद्यालयका विद्यार्थीहरुको प्रत्येक ३ महिनामा स्वास्थ्य जांच गर्ने कार्यको थालनी गरिनेछ ।

२३. दशरथचन्द नगरपालिकाको स्वास्थ्य चौकीहरुबाट वर्षभरि निः शुल्क स्वास्थ्य संस्थाहरुमा वितरण हुने औषधि अभाव हुन दिईने छैन ।

२४. परिवार नियोजनको साधन माग पूर्ति गर्न सवै स्वास्थ्य संस्थाहरुमा ५ ओटै साधन उपलब्ध हुने ब्यवस्था गरिनेछ ।

२५ ."**उत्कृष्ट स्वास्थ्यकर्मी, सम्मानित संस्था"** कार्यक्रम मार्फत नगरपालिा अन्तरगतका स्वास्थ्य संस्थाहरुको कार्य प्रगति नविन पद्धति लगायतका सुचकहरुलाई माफदण्ड बनाई बार्षिक रुपमा स्वास्थ्य कर्मीलाई प्रोत्साहन गरिने छ ।

**जेष्ठ नागरिक, महिला, दलित, जनजाति, बालबालिका, किशोर, अपाङ्गता क्षेत्र**

१. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको प्रभावकारीरुपमा कार्यान्वियन गरिनेछ ।

२. महिला समूहहरुको सशक्तिकरणका लागि "महिला सशक्तिकरण कार्यक्रम" संचालनमा ल्याइनेछ ।

३. लैङ्गिक तथा सामाजिक हिंसा कम गर्न शुन्य सहनशीलताको नीति अवलम्बन गरिनेछ । लैङ्गिक हिंसामा परेका अति विपन्न, असहाय, महिला, बालबालिका, किशोर किशोरी, ज्येष्ठ नागरिक, अपांगता भएका ब्यक्ति तथा सामाजिक रुपले वंञ्चितिकरणमा परेकाहरुलाई सहायता, संरक्षण, उद्धार गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ । हिंसा प्रभावित महिलाहरुको सुरक्षा महिला सुरक्षा गृह आवासका लागी बिभिन्न संघ संस्थाहरु सँग समन्वय गरिनेछ र निःशुल्क कानुनी र मनोपरामर्श सहितको आवास संचालनको ब्यबस्था गरिने छ ।

४. अपाङ्गता भएका ब्यक्तिलाई सहायक सामग्री उपकरणहरु वितरणको ब्यवस्था गरिनेछ ।

५. युवा संजाल गठन गरी लागू औषध सचेतना कार्यक्रम संचालन गरिनेछ । समुदाय प्रहरी साझेदारी कार्यक्रमको माध्यमबाट सुरक्षित अभियान संचालनमा ल्याइनेछ । विभिन्न सरोकारवाला र नागरिक समाज

CS CamScanner

संस्था परिचालन गरि नगर क्षेत्रमा हुने आत्महत्या, बालविवाह, महिला हिंसा, छाउपडी, बहुविवाह, घरेलुहिंसा जस्ता कुसंस्कृतिहरु न्यूनिकरण गर्ने र लागू औषध नियन्त्रण गरिनेछ ।

६. नगरपालिकालाई बालमैत्री बनाउनका लागि बालमैत्री स्थानीय शासनका चरणहरु अवलम्बन गर्न आवश्यक नीति लिइनेछ ।

७. सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई सहज तुल्याउन थप बैंकहरुसंग सहकार्य गरिनेछ ।

८. नागरिकहरुलाई व्यक्तिगत घटना दर्ता गर्न उत्प्रेरित गरी पूर्ण घटना दर्ता नगरपालिका घोषणा गरिनेछ।

९. महिलाहरुको क्षमता अभिबृद्धि गर्न महिला शसक्तिकरण कार्यक्रम संचालन गरिने छ

१०.अनाथ बालबालिकाहरुका लागी निःशुल्क शिक्षा, स्वास्थ उपचारको ब्यबस्था गरि बालगृह निमार्ण गर्नको लागी पहल गरिने छ ।

११. द.न.पा.लाई पूर्ण रुपमा जातीय भेदभाव तथा छुवाछूत मूक्त पालिका घोषणा गरिने छ  र विभेद रहित समाजको निर्माण अभियान सञ्चालन गरिनेछ ।

१२. न्यून आर्थिक अवस्था भएका दलित समुदायहरूलाई सशक्तिकरण गरी उद्यमशीलताको वातावरण सृजना गर्न विशेष प्रोत्साहनका कार्यक्रम ल्याइने छ र जस्ले स्वरोजगारमा सहयोग गरिने छ ।

१३. दलितको हकमा व्यवस्था गरिएका निःशुल्क शिक्षा, स्वास्थ्य, समानुपातिक समावेशी सिद्धान्त अनुरुप सहभागिता, आवास र भूमिको व्यवस्था, परम्परागत पेशा व्यवसायको संरक्षण लगायतका विषयमा सक्रिय रुपमा काम गरिने छ ।

१४. आर्थिक अबस्था कमजोर भएको जनजातीहरुलाई बिशेष रोजगारमुलक कार्यक्रमको ब्यबस्था गरि हरेक क्षेत्रमा क्षमता अभिबृद्धि तथा सम्मानजनक पँहुचलाई सुनीश्चत गरिने छ र समानुपातिक समाबेशीको आधारमा रोजगारीको सुनिश्चितता गर्न पहल गरिने छ ।

१५. दनपा भित्र रहेका छुट मुक्त हलियाहरुको तथ्याङ्क संकलन गरि, त्यसको बर्गीकरण गरि परिचय पत्र सहित पुनः स्थापना गर्न पहल गरिने छ ।

१६. दनपा भित्र रहेका भुमिहिन सुकुम्बासीहरुको तथ्याङ्क संकलन गरि राष्ट्रिय भूमि आयोग सगँ समन्वय गरि जग्गाधनी बनाउन पहल गरिने छ ।

CamScanner

**सम्मानित नगरसभाका उपप्रमुख ज्यु, प्रमुख प्रशासकीय अधिकृतज्यु, नगरसभाका सम्पूर्ण सदस्यज्युहरु**

**अब म पुर्वाधार क्षेत्रको नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।**

**ग. पूर्वाधार बिकास**

१. **"हाम्रो नगर हामी वनाउछौं"** भन्ने महाअभियानका साथ सम्पुर्ण नगरवासीलाई समेट्दै नगरलाई भौतिक पुर्वाधारको दिगो, सुरक्षित, सहिण्णु, ब्यवस्थित र समुन्नत नगरिका रुपमा बिकास गर्ने नीति लिइने छ ।

२. नगर क्षेत्र भित्रका सडक लगायतका पुर्वाधारहरुको नियमित रुपमा मर्मत-सम्भार तथा स्तरोन्नती गरिने छ ।

३. नगर यातायात गुरुयोजना (Municipal Trans Master Plan – MTMP) तयार गरि नगरस्तरमा निर्माणधीन सडकहरुको नामाकरण गर्ने र ती सडकहरुको प्राथमिकिकरण गरि स्तरोन्नती तथा मर्मत सम्भार गर्ने ।

४. नगरका प्रमुख वजार क्षेत्रहरुमा यात्री प्रतिक्षालय तथा सुबिधा सम्पन्न शौचालय निर्माण गरिने छ ।

५. वडा कार्यालयका भवन र स्वास्थ्य चौकीका भवन नभएका बडाहरुमा सुबिधा सम्पन्न भवनहरु निर्माण गरि सेवा प्रवाह गरिने छ ।

६. दशरथचन्द नगरपालिकामा निर्माण हुने योजनाहरुको गुणस्तर चेक जाँच गर्नका लागी Engineering Lab स्थापना गरि कामको गुणस्तर कायम गरिने छ ।

७. रात्रीकालिन शहरि सौन्दर्य अभिवृद्धि गर्न नगरभित्रका मुख्य मुख्य सडक वजारहरुमा आधुनिक सडक वति जडान गर्न नेपाल बिधुत प्राबिधि करणसंग आबश्यक समन्वय र सहकार्य गरिने छ ।

८. गोठलापानीमा निर्माणधीन बहुउदेश्य भवन लाई समयमा नै निर्माण सम्पन्न गर्न लगाई सम्पन्न गरिने छ ।

९. नगरपालिकाका सबै वडा केन्द्रसम्म पुगेका सडकहरुको स्तरोन्नती गरिने छ बाकी रहेका टोल बस्तीहरुमा सडक पुर्‍याइनेछ ।

१०. नगरपालिका भित्र **नगर बस सेवा** संचालन गरिने छ ।

CamScanner

## सडक तथा यातायात

१. नगरपालिका क्षेत्र भित्रका ११ वटै वडा कार्यालयहरु सडक संजालमा जोडि सकिएको हुदा उक्त सडकहरुलाई बाहैँ महिना निरन्त्र यातायात सुचारु गर्न आवश्यता औचित्यता का आधारमा मोड सुधार, नाली निर्माण स्तरान्नती गर्दै लगिने छ ।

२. सडकहरुको गरि राजमार्ग देखि वडा सदरमुकाम र वडा देखि टोलटोल सम्मका सडकहरुको नामाकरण सहित उचित सडक क्षेत्राधिकार (Right of Way) भित्र र सडक मापदण्ड निर्धारण गरि व्यवस्थित बसोवास र सडक निमार्ण गर्न नीतिहरु तयार गरिने छ ।

३. सडकहरुको मर्मत सम्भार गर्दा जनधनत्व र ट्राफिक चापलाई आधारमानी सडकहरुको प्राथमिकिकरण गरि सडक मर्मत सम्भार कार्यलाई निरन्तर दिने र सो कार्य गर्न सम्भव भए सम्म कम्तिमा वडको क्षेत्रफल, सडकको लम्वाई, दैनिकि यातायातको अबस्था वजारिकरण लगायत अन्य सडक उपभोग संग सम्वीन्धत बिषयवस्तुहरुमा एकिन र्गा/ Langth Worker ता हरु नियुक्त गरि बाहैं महिना सडक संचालन गरिने छ साथै वा.न. ३, ४, ५, ६,७, ८ र ११ का वडा सदरमुकामहरु पुरै कच्चि सडकले जेडिउका र हल्का बर्षतका कारणले समेत सडक अवरुद्ध हुने भएकाले पहिलो प्राथमिकतामा राखी सडक मर्मत सम्भार गरिने छ ।

## वस्ति बिकास, आवास तथा भवन

१. विना अनुमति निर्माण भै रहेका भवन लगायतका अन्य भौतिक संरचनाहरु जोखिमबाट जोगाउनु र नियमन गर्न भवन निर्माण अनुमति सम्वन्धी कार्यबिधि २०८० लाई कार्यान्वय गरिने छ ।

२. भवन निर्माण स्वीकृत नक्शापास प्रणलीलाई अनलाइन गर्न सप्टवेयर जडान गरिने छ ।

३. नगपालिकाले स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १३ वमोभिम न्युनतम दररेट निर्धारण गर्ने छ ।

४. नगरपालिका भित्र बिधृत पहुँचबाट वन्चित भएका लाभग्राहीहरुको पहिचान संगै बिधुत सेवा बिस्तार गरि उज्यालो नगर बनाउनु पहल गरिने छ ।

CamScanner

**सिचाई तथा खानेपानी**

१. नगरपालिकाको सम्पूर्ण कृषियोग्य जमिनमा आधुनिक सिंचाई प्रणालीबाट सिंचाई पुग्ने गरी पूर्वाधार निर्माण गरिने छ ।

२. पुराना सिंचाई कुलो, पोखरीहरु लाई मर्मतसंभार संचालन गरीने छ र सबै सिंचाईहरुलाई सूचिकृत गरिने छ ।

३. सौर्य उर्जा तथा अन्य प्रविधीमा आधारित लिफट् सिंचाई संचालन गर्न पहल गरिने छ ।

४. पानीको श्रोत कम भएका स्थानहरुमा आकाशे पानी संकलन, थोपा तथा फोहरा सिंचाई तथा प्लाष्टिक पोखरीको ब्यवस्था मिलाईने छ ।

५. खानेपानी तथा सरसफाइ स्वस्च्छताका क्रियाकलापहरु प्रत्येकका घर-घरमा पुऱ्याउने उद्बेश्यले सम्पूर्ण नगरपालिका भित्र एक घर-एक धारा नीति भित्र खानेपानी समस्या समाधान गरिने छ ।

६. खानेपानी तथा सिचाइका लागी गैर सरकारी संस्थाहरुसित आवश्यक समन्वय सहकार्य गरि आपुर्तिमा बढोत्तरी गरिने छ ।

**वन, बाताबरण तथा बिपद् ब्यबस्थापन**

१. सामुदायक बन, कबुलियत बन राष्ट्रिय बन र धार्मीक बनलाई ब्यबस्थित तथा संरक्षण गरिनेछ ।

२. **एक गाउ एक उद्यान** अन्तरगत बृक्षारोपण कार्यक्रमलाई अभियानको रुपमा संचालन गरिने छ ।

३. वन विनासको कारण उत्पन्न विपद् न्युनिकरण तथा जलवायु परिवर्तन एवं अनुकलन हुने खालका क्रियाकलापहरु बारे जनचेतना अभिवृदि गर्ने कार्यक्रम संचालन गरिनेछ ।

४. नगर भित्र निरन्तर रुपमा चली रहेको सरसफाई कार्यक्रमलाई निरन्त्रता दिई पानीका मुहान संरक्षण र सम्वर्द्धन गर्ने र डम्पिङसाइट खरिदका लागि दनपा २ देहिमाण्डौ र दनपा ६ स्थित झल्कोट जग्गाको सम्वन्धमा अध्ययन गरि खरिदका लागी आबश्यक पहल गरिने छ ।

CamScanner

५.नगरक्षेत्र भित्रका मुख्य वजार गढी, गोठलापानी, शाहिलेक,देहिमाण्डौ, मुस्यौचौर, झुलाधाटका ढल व्यबस्थापन , नाली मर्मत लगायतका कार्य अगाडी बढाउने छ ।

६ .नगर क्षेत्र भित्र ढल निकासको उचित ब्यवस्थापनका लागि गुरुयोजना बनाई ब्यवस्थित ढल निकास कार्यलाई निरन्तरता दिइनेछ ।

७. नगरपालिका क्षेत्रको फोहोर ब्यवस्थापन गर्न एकिकृत फोहोरमैला ब्यवस्थापन केन्द्र निर्माण स्थल यकिन गरी निर्माण कार्यलाई अगाडि बढाइनेछ ।

८. **"मेरो शहर म आफैं सफा गर्छु"** अभियान संचालन गरी शहरलाई सफा र वातावरणमैत्री शहर बनाउने नीति (Clean Dashrath Green Dashrath) संचालन गरिने छ ।

९. सार्वजनिक स्थलहरुमा फोहोरमैला फाल्ने, पसल, उद्योग, होटेल, वर्कसप लगायतका ब्यवसायिक स्थलबाट जथाभावी फोहोर फाल्ने, मापदण्ड विपरितको विज्ञापन एवम् भित्ते लेखन गर्ने, वातावरणमा प्रतिकूल असर पर्ने कामलाई निरुत्साहित गरिनेछ ।

१०. मुख्य वजार क्षेत्रहरुमा निःशूल्क सार्वजनिक शौचालयको ब्यबस्था गरिने छ ।

११. आपतकालिन पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी कार्यमूलक बनाइनेछ ।

१२. नगरपालिकाको विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउन नगर विपद् आपतकालीन कार्य संचालन केन्द्र स्तरोन्नती गरी समय सापेक्ष रुपमा संचालनमा ल्यानेछ ।

१३. नगरपालिका क्षेत्रमा रहेका स्थानीय संघसंस्थाहरुद्धारा संचालित आपतकालिन प्रतिकार्य सामग्री भण्डारण केन्द्र र सो भण्डारण केन्द्रमा भएका सामग्री र सहयोगलाई बढी भन्दा बढी परिचालन गर्न आवश्यक साझेदारी गरिनेछ । साथै समुद्वायमा भएका विपद् पूर्वतयारी तथा प्रतिकार्य सामग्रीहरुलाई नगर आपतकालिन प्रतिकार्य संचालन केन्द्र मार्फत नक्साकन गरिनेछ ।

१४. विपदको समयमा प्रयोग गर्न सकिने आश्रय स्थल तथा खुल्ला स्थानहरुको पहिचान गरी नक्सांकन गरिनेछ ।

१५. प्राकृतिक तथा गैर प्राकृतिक विपद्हरुको रोकथाम तथा न्यूनिकरणका लागि पूर्वतयारी, प्रतिकार्य र

१६. पूनर्लाभका कार्यक्रम संचालन गर्न नगर विपद् ब्यवस्थापन कोषमा बजेट वृद्धि गर्दै लगिनेछ । यस कोषमा सबै सरोकारवाला निकायको सहभागिता मार्फत सहयोग जुटाइनेछ ।

CamScanner

१७ वारुणयन्त्र तथा एम्बुलेन्स सेवालाई चौबिसै घण्टा तयारी अवस्थामा राखी थप प्रभावकारी रुपमा संचालन गरिनेछ ।

१८. उच्च जोखिम न्यूनिकरण तथा ब्यवस्थापन कार्यलाई हरेक योजनामा मूल प्रवाहीकरण गरिनेछ ।

१९. आकस्मिक विपद् तथा भैपरि आइपर्ने संकट ब्यवस्थापन गर्न स्थानीय विपद् जोखीम न्यूनिकरण कार्य योजना तयारीका लागी दातृ निकाय युनिशेफ नेपाल (ग्लक्ष्ऋभ्ँ ल्भ्एबी) संगको सहकार्यमा अगाडी बढाईनेछ ।

**आन्तरिक राजश्व श्रोत तर्फ कर शुल्क**

१. नगरपालिकाले उठाउने आन्तरिक राजश्व श्रोत तर्फ कर शुल्क दस्तुरका दररेटहरुलाई समय सापेक्ष अनुसार सवै करदातालाई समेटी करको दायरा बिस्तार गर्ने नीति लिएको छ ।

२. कर तिर्न प्रोत्साहित गर्न नगरपालिकामा विविध कार्यक्रम सहित प्रत्येक बर्ष कर सप्ताह कार्यक्रम संचालन र सवै करदातालाई कर जागरण कार्यक्रम संचालन गरिने छ ।

३. राजश्व संकलन कार्यलाई ब्यवस्थित गरी वडा कार्यालयहरुबाटै कर, शुल्क दस्तुर असुल गर्ने ब्यवस्थालाई थप प्रभावकारी वनाइने छ ।

४. श्रोत ब्यवस्थापनलाई वैज्ञानिक, यथार्थ परक र ब्यवस्थित गर्न क्यातधबचभ को प्रयोग गर्ने र कर शुल्क संकलन कार्यलाई थप प्रभावकारी बनाई सबै करदाताहरुको सहभागितामा राजश्व अभिबृद्धि गर्ने बिधुतिकरण उपाय अबलम्बन गरिने छ ।

**सुचना तथा सञ्चार प्रबिधि बिकास**

१. ई हाजीर प्रणाली, CCTV, Facebook page , Group Sparrow SMS, नगर कार्यापालिका तथा नगर सभाबाट स्वीकृत भएका ऐन, कार्यबिधि, निति तथा निर्णयहरु, बेव मार्फत सार्वजनिक गरिने कार्यलाई निरन्तरता दिइने छ ।

CamScanner

**ङ) संस्थागत सुशासन तथा जनशक्ति विकास**

१. नगरपालिकाले प्रवाह गर्ने सार्वजनिक सेवालाई पारदर्शि, जवापदेहिता, दिगो र परिणाममुखि वनाउदै नगरवासीलाई सुचना, सेवा र अवसरमा बिभेद रहित पंहुच अभिबृद्धि गर्न अधिकतम रुपमा बिधुतिय सुचना प्रणाली को नीति अवलम्वन गरिने छ ।

२. नगरका प्रत्येक बडाबाट भएको बिकास निर्माण, सेवा प्रवाह, राजश्व संकलन समेतका आधारमा उत्कृष्ट वडलाई अर्कौ बर्ष वजेट सिलिङमा थप पुजिगत वजेट थप गर्ने ब्यवस्था मिलाइने छ ।

३. नगरपालिकाका बिषयगत समितिहरुलाइ थप उत्तरदायी क्रियाशिल र परिमाणमुखि वनाइने छ ।

४ .पुजिगत खर्चको गुणस्तर बढाउनु **"मंसिर मसान्त भित्र सम्झौताः जेठ मसान्त भित्र भुक्तानी"** नीतिलाई कडाइका साथ कार्यान्विय गरिने छ

५. दशरथचन्द नगरपालिकालाई भ्रस्ट्राचारमूक्त, पारदर्शी, शुसासनयुक्त, जवाफदेहिता भएको निश्पक्ष र जनउत्तरदायी बनाईने छ । भ्रस्ट्राचार प्रति शुन्यसहनशिलताको नीति अवलम्बन गरिने छ ।

३. दशरथचन्द नगरपालिका भित्रका सार्वजनिक सरोकारका सवालमा नगरवासीहरुको सल्लाह, सुझाव, गुनासो, पिरमार्का सुन्न त्यस्ता समस्या सामाधान गर्न **हलो मेयर कार्यक्रमलाई निरन्तरता दिइने छ** ।

**न्याय तथा कानुन**

**१.** दशरथचन्द नगरपालिका लाई आवश्यक पर्ने ऐन, नियमावली, कार्यविधि र निर्देशिका बनाइने छ वनाईएका कानुनहरु समयानुकुल शंसोधन, परिमार्जन गरि कार्यान्वियन गरिनेछ र नयाँ कानुनको निमार्ण गर्न विधेयक समितिलाई सक्रिय गरिनेछ ।

**२** .न्याय प्राप्त गर्ने प्रक्रिया छिटो, छरितो र सर्वसुलभ बनाउन न्यायीक समितिको क्षमता विकास गरिनेछ । वडा स्तरिय मेलमिलाप केन्द्रको विस्तार गरिनेछ ।

**३.** दशरथचन्द नगरपालिकाका वडाहरुमा न्यायीक अधिकार एवं कानुनी अधिकार सम्वन्धि सचेतना अभिबृदि गरिनेछ ।

**४.** न्यायीक समितिमा दर्ता हुन आएका उजुरीहरुलाई प्राथमिकतामा राखी न्यायीक निरुपणलाई प्रभावकारी बनाईनेछ ।

CamScanner

**सम्मानित नगरसभाका उपप्रमुख ज्यु,**

**प्रमुख प्रशासकीय अधिकृत ज्यु,**

**नगर सभाका सम्पूण सदस्यज्युहरु**

प्रस्तुत बजेट नीति तथा कार्यक्रमले असिमित जनचाहना र अपेक्षालाई उपलब्ध साधनस्रोतको सीमाले सम्वोधन गर्न अवश्य सकिएको छैन । विकास एक निरन्तर प्रक्रिया पनि हो त्यस कारणले स्थानीय आवश्यकता, जन चाहना र अपेक्षाहरुलाई क्रमश ः सम्वोधन गर्दै लगिनेछ । वजेट नीति तथा कार्यक्रमले लिएको लक्ष्य प्राप्तिका लागि हाम्रो एक्लो प्रयास पर्याप्त हुदैन । यसको सफल कार्यान्वयनको लागि नेपाल सरकार, सुदुरपश्चिम प्रदेश सरकार, दातृनिकाय, यस क्षेत्रका अग्रज जनप्रतिनिधिज्यूहरु, राजनैतिक दल, संघ संस्था, नागरिक समाज, प्रवुद्ध वर्ग र आम नगरवासी दाजुभाइ तथा दिदी वहिनीहरुको सामुहिक प्रयास, साथ सहयोग र सहकार्य सदा झैं प्राप्त हुनेछ र दनपाले परिकल्पना गरेको **यस नगरको दीर्घकालिन सोचः "आर्थिक, सामाजिक, पुर्वाधार र दिगोविकासको अभियान समानता र सुशासन दशरथचन्दको पहिचान"।।** ले साकार रुप लिने कार्यमा एउटा अर्को ईटा थपिने छ ।

अन्तमा प्रस्तुत नीति तथा कार्यक्रमले परिकल्पनालाई सार्थक बनाउन, प्रस्ताव गरिएका पुर्वाधार निर्माण, आर्थिक, सामाजिक अभियानहरु सफल सञ्चालनबाट उपलब्धि हासिल गरीने छ ।

यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा सरकारी तथा गैरसरकारी कार्यालय, व्यावसायिक एवं वित्तिय संघ संस्थाहरु, आम संचार जगत, सचेत र जागरुक नगरवासी महानुभावहरु सवैको सहयोगको अपेक्षा गरेको छु । वार्षिक नीति तथा कार्यक्रम तजुर्मा गर्न सहयोग पुर्‍याउने निर्वाचित जनप्रतिनिधिहरु, राजनैतिक दल, वडा समिति, विषयगत समिति, योजना तर्जुमा समिति, राजश्व परामर्श समिति, वाल संजाल लगायत नगरमा क्रियाशील व्यावसायिक तथा सामुदायिक/सामाजिक संघ संस्थाहरु, संचारकर्मी मित्रहरु, सम्पूर्ण नगरवासीहरु र नगरपालिकामा कार्यरत सम्पूर्ण कर्मचारी मित्रहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**पुस्कर राज जोशी**

**नगरप्रमुख**

CamScanner

# आ.व २०८०।८१ को लागि राजश्व, अनुदान र व्यय

| क्र. स. | स्रोत | आगामी आ व २०८०।८१ को अनुमान | व्यय | रकम |
|---|---|---|---|---|
| १ | नेपाल सरकार समानीकरण अनुदान | ११६७००००० | प्रशासनिक चालु खर्च | ११००००००० |
| २ | नेपाल सरकार राजश्व बांडफांड | १०६९२३००० | न पा समपुरक | ३०००००००० |
| ३ | प्रदेश सरकार समानीकरण अनुदान | १००४६००० | वडागत खर्च | ३०००००००० |
| ४ | प्रदेश सरकार राजश्व बांडफांड ( सवारी साधन कर) | २९१५००० | आर्थिक विकास | ७५००००० |
| ५ | आन्तरिक स्रोत | ८५५६००० | सामाजिक विकास | ४६०००००० |
| | | | वातावरण तथा विपद व्यवस्थापन | ५०००००० |
| | | | पुर्वाधार विकास | १६६४०००० |
| ६ | संघीय सशर्त अनुदान | ३६३५००००० | संघीय सशर्त अनुदान | ३६३५००००० |
| ७ | संघीय समपुरक अनुदान | ५०००००० | संघीय समपुरक अनुदान | ५०००००० |
| ८ | संघीय बिशेष अनुदान | १००००००० | संघीय बिशेष अनुदान | १००००००० |
| ९ | प्रदेश समपुरक अनुदान | ११५९८००० | प्रदेश समपुरक अनुदान | ११५९८००० |
| १० | प्रदेश बिशेष अनुदान | ९०००००० | प्रदेश बिशेष अनुदान | ९०००००० |
| ११ | सामाजिक सुरक्षा | १६००००००० | सामाजिक सुरक्षा | १६००००००० |
| १२ | नगर विकास कोष | १२५००००० | नगर विकास कोष | १२५००००० |
| १३ | सडक बोर्ड | ५०००००० | सडक बोर्ड | ५०००००० |
| | जम्मा | ८२१७३८००० | | ८२१७३८००० |

CamScanner

# आ व २०८०।८१ को योजना तथा कार्यक्रम(विषयगत)

| क स | विषयगत क्षेत्र | कार्यक्रमको नाम | स्रोत | रकम |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | | | ६३०००00 |
| | | पशु औषधि खरिद | | १५०००00 |
| | | महामारी रोग सम्बन्धी कार्यक्रम | | ३०००00 |
| | | घास विउ तथा विरूवा वितरण कार्यक्रम | | ५०००00 |
| | | तरकारी पकेट विकास कार्यक्रम | | १००००00 |
| | | फलपुल पकेट विकास कार्यक्रम | | १००००00 |
| | | रोग किरा नियत्रण कार्यक्रम | | ५०००00 |
| | | कृषि यान्त्रिकरण कार्यक्रम | | १००००00 |
| | | पर्यटन प्रवर्द्धन कार्यक्रम | | ५०००00 |
| २ | सामाजिक विकास | | | ४६७०००00 |
| | | स्वास्थ्य चौकीहरूमा अनलाइन सेवा विस्तार तथा ल्यापटप खरिद | | ५०००00 |
| | | स्टोर व्यवस्थापन | | २०००00 |
| | | संस्थागत क्लिनिक सञ्चालन | | ३०००00 |
| | | लमौतामा नगर स्वास्थ्य केन्द्र स्थापना | | ३०००00 |
| | | २४ घण्टे सेवा सञ्चालन | | २०००00 |
| | | स्वास्थ्य शिविर सञ्चालन | | ५०००00 |
| | | पुर्ण संस्थागत सुत्केरी वार्ड घोषणा कार्यक्रम | | ५००00 |
| | | निशुल्क औषधि खरिद | | १९५००00 |
| | | जर्गमा नगर स्वास्थ्य केन्द्र सुधार | | ४०००00 |
| | | विद्यालय स्वास्थ्य जाच | | १०००00 |
| | | विभेदपुर्ण लिंग छनौट विरूद्ध कार्यक्रम सञ्चालन | | ५०००00 |
| | | नगर स्वयंसेवक शिक्षक व्यवस्थापन | | १४६४२००० |

| | | | | |
|---|---|---|---|---|
| | | वा. वि के र विद्यालय कर्मचारी थप तलब | | ११३४९००० |
| | | स्थानीय पाठ्यक्रम निर्माण र प्रबोधीकरण | | ४५०००० |
| | | आधारभुत तह परीक्षा सञ्चालन तथा व्यवस्थापन | | ८००००० |
| | | पेशागत क्षमता विकास तालिम | | ५००००० |
| | | विद्यालय अनुगमन | | २००००० |
| | | विद्यालयहरूमा खेल सामग्री वितरण | | ५५०००० |
| | | विद्यालय भौतिक पुर्वाधार तथा फर्निचर मर्मत | | ७०९००० |
| | | महिला कार्यक्रम | | ३०००००० |
| | | दलित कार्यक्रम | | ३०००००० |
| | | अपांग | | ५००००० |
| | | आदिवासी जनजाति | | ५००००० |
| | | ज्येष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा सञ्चालन | | ५००००० |
| | | बालबालिका | | ५००००० |
| | | आर्युवेद औषधि खरिद | | ५००००० |
| | | औषधालय सञ्चालन खर्च | | ४००००० |
| | | आर्युवेद योग शिक्षा सञ्चालन | | २००००० |
| | | स्थानीय जडीबुटी कार्यक्रम सञ्चालन खर्च | | २००००० |
| | | विद्यालय आर्युवेद योग शिक्ष सञ्चालन | | २००००० |
| | | युवा तथा खेलकुद | | ३०००००० |
| ३ | वातावरण तथा विपद व्यवस्थापन | | | ५०००००० |
| | | विपद व्यवस्थापन | | २५००००० |
| | | शव व्यवस्थापन तथा एमबुलेन्स सञ्चालन | | १०००००० |
| | | फोहोरमैला व्यवस्थापन | | १५००००० |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| ४ | पुर्वाधार विकास | | | १७१४०००० |
| | | केदारशिला मा वि भवन निर्माण ७ | | १०००००० |
| | | जनचेतना आ वि निर्माण २ | | १४२५००० |
| | | स्वास्थ्य चौकी भवन निर्माण ५ | | २८६५००० |
| | | सडक सरसफाइ १ देखि ११ | | २०००००० |
| | | मुलपानी नौला पि सि सि बाटो निर्माण | | ३५०००० |
| | | जगन्नाथ खेल मैदान | | २५००००० |
| | | भाटीपौडा कापडीगाउ सडक निर्माण | | ३५०००० |
| | | वलगाड घुडारखोला पि सि सि बाटो | | २००००० |
| | | गडी गोठलापानी सडक निर्माण | | १०००००० |
| | | टाक देखि डुगरा सम्म सडक निर्माण | | ३००००० |
| | | नगर बस / टयाक्टर खरिद | | ५१५०००० |
| | अन्य | | | |
| | | प्रशासनिक चालु खर्च | | ११००००००० |
| | | वडागत खर्च | | ३००००००० |
| | | समपुरक | | ३००००००० |
| | | जम्मा | | २४५१४०००० |

CS CamScanner

आज मिति २०८० साल असार १० गतेका दिन दशरथचन्द नगर पालिकाको दोस्रो स्थानीय तह निर्वाचन पछिको तेस्रो नगर सभा नगर प्रमुख श्री पुष्कर राज जोशी ज्युको अध्यक्षतामा बस्यो। सभामा तपसिलको उपस्थितिमा तपसिलका निर्णयहरु पारित गरियो।

## उपस्थिति

| सि.न. | नाम, थर | पद | उपस्थिति |
|---|---|---|---|
| १ | श्री पुष्कर राज जोशी | सभाध्यक्ष एबं नगर प्रमुख | |
| २ | श्री कौशिला चन्द | उपाध्यक्ष एबं नगर उप-प्रमुख | |
| ३ | श्री हरि बहादुर भुजेल | सचिव | |
| ४ | श्री बिस्नु दत्त भट्ट | नगर सभा सदस्य | |
| ५ | श्री माया पहरी | नगर सभा सदस्य | मायापहरी |
| ६ | श्री मानमती भूल | नगर सभा सदस्य | मानमती |
| ७ | श्री चक्र बहादुर चन्द | नगर सभा सदस्य | |
| ८ | श्री करन सिंह भाट | नगर सभा सदस्य | |
| ९ | श्री सुर्य बहादुर बोहरा | नगर सभा सदस्य | |
| १० | श्री धाना देवी थलाल | नगर सभा सदस्य | धाना |
| ११ | श्री निर्मला लोहार | नगर सभा सदस्य | |
| १२ | श्री राज बहादुर बोहरा | नगर सभा सदस्य | |
| १३ | श्री धन सिंह भण्डारी | नगर सभा सदस्य | |
| १४ | श्री अजब बहादुर पाण्डे | नगर सभा सदस्य | |
| १५ | श्री चन्द्रा नाथ | नगर सभा सदस्य | चन्द्रा नाथ |
| १६ | श्री कलावती लावड | नगर सभा सदस्य | कलावति |
| १७ | श्री धनि नाथ | नगर सभा सदस्य | |
| १८ | श्री गोपाल नाथ | नगर सभा सदस्य | गोपाल नाथ |
| १९ | श्री भान देव भट्ट | नगर सभा सदस्य | |
| २० | श्री सुन्नरी सार्की भुल | नगर सभा सदस्य | |

| सि.न. | नाम, थर | पद | उपस्थिति |
|---|---|---|---|
| २१ | श्री मोहन बहादुर थापा | नगर सभा सदस्य | |
| २२ | श्री देव राम लुहार | नगर सभा सदस्य | |
| २३ | श्री केशव राज लेखक | नगर सभा सदस्य | |
| २४ | श्री नन्दा भट्ट | नगर सभा सदस्य | |
| २५ | श्री रिता कुमारी धानिक लुहार | नगर सभा सदस्य | |
| २६ | श्री महेश राज जोशी | नगर सभा सदस्य | |
| २७ | श्री गिरिश प्रसाद भट्ट | नगर सभा सदस्य | |
| २८ | श्री महेन्द्र सिंह कार्की | नगर सभा सदस्य | |
| २९ | श्री भागरथी देवी कार्की | नगर सभा सदस्य | भागरथि देवि कार्की |
| ३० | श्री मिरा महर | नगर सभा सदस्य | |
| ३१ | श्री रामी चन्द | नगर सभा सदस्य | |
| ३२ | श्री खेम राज पन्त | नगर सभा सदस्य | |
| ३३ | श्री हरि दत्त बड्ड | नगर सभा सदस्य | |
| ३४ | श्री माया बोहरा | नगर सभा सदस्य | माया |
| ३५ | श्री धाना लुहार | नगर सभा सदस्य | धाना |
| ३६ | श्री प्रमानन्द बड्ड | नगर सभा सदस्य | प्रमानन्द बड् |
| ३७ | श्री गणेश दत्त बड्ड | नगर सभा सदस्य | |
| ३८ | श्री चामु सिंह थापा | नगर सभा सदस्य | |
| ३९ | श्री लिला गुरु | नगर सभा सदस्य | |
| ४० | श्री लक्ष्मी देवी महर | नगर सभा सदस्य | |
| ४१ | श्री तारा सिंह बोहरा | नगर सभा सदस्य | तारा सिंह |
| ४२ | श्री घनश्याम भट्ट | नगर सभा सदस्य | |
| ४३ | श्री मोहन देव जोशी | नगर सभा सदस्य | |

| सि.न. | नाम, थर | पद | उपस्थिति |
|---|---|---|---|
| ४४ | श्री बसन्ती जोशी | नगर सभा सदस्य | बसन्ती |
| ४५ | श्री मनिषा लोहार ओड | नगर सभा सदस्य | manisha |
| ४६ | श्री चन्द्रा जोशी पाण्डेय | नगर सभा सदस्य | [illegible] |
| ४७ | श्री गणेश दत्त जोशी | नगर सभा सदस्य | [illegible] |
| ४८ | श्री त्रिलोक सिंह बिस्ट | नगर सभा सदस्य | [illegible] |
| ४९ | श्री भुरी देवी बिस्ट | नगर सभा सदस्य | भुरी बिष्ट |
| ५० | श्री पार्वती देवी टमटा | नगर सभा सदस्य | पार्वती |
| ५१ | श्री सुरेश चन्द | नगर सभा सदस्य | [illegible] |
| ५२ | श्री चाम  सिंह बुडाल | नगर सभा सदस्य | [illegible] |
| ५३ | श्री जय दत्त पन्त | नगर सभा सदस्य | |
| ५४ | श्री आशा चन्द | नगर सभा सदस्य | [illegible] |
| ५५ | श्री प्रियंका कुमारी कोलि दयाल | नगर सभा सदस्य | |
| ५६ | श्री देव बहादुर चन्द | नगर सभा सदस्य | [illegible] |
| ५७ | श्री रतन सिंह भण्डारी | नगर सभा सदस्य | [illegible] |
| ५८ | श्री दिनेश बहादुर सिनाल | नगर सभा सदस्य | [illegible] |
| ५९ | श्री बिनोद राम लोहार | नगर सभा सदस्य | [illegible] |
| ६० | श्री प्रेम दयाल | नगर सभा सदस्य | [illegible] |

CS CamScanner